सरावल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सरावल नवलपरासी लुम्बिनी प्रदेश, नेपाल

**आय ठेक्का बन्दोबस्त सम्बन्धि सूचना**

दोस्रो पटक प्रकाशित मिति :२०७७/१२/३१

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ घ (६) बमोजिम यस गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमको नदीनालाबाट नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदी) संकलनका लागि आ.व. २०७७/७८ लुम्बिनी प्रदेशको आर्थिक ऐनले तोकेको देहाय बमोजिमको दररेटमा नघटाई बिक्री वितरण गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा इच्छुक कम्पनि वा फर्मले सूचनामा उल्लेखित दस्तुर, निवेदन, आ.व. २०७७/७८ को लागि नविकरण भएको फर्म वा कम्पनिको ईजाजतपत्र र आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७७/७८ सम्मको आयकर चुक्ताको प्रमाणहरुको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी कार्यालय समयभित्र यस कार्यालयबाट निम्न शर्तको अधिनमा रही बोलपत्र खरीद गर्नको लागि सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. ठेक्का अवधि सम्झौता मिति देखि २०७८ साल जेष्ठ मसान्त सम्म कायम रहने छ ।

२. सूचना प्रकाशित भएको मितिले ७ औं दिनमा कार्यालयको समय भित्र तोकिएको दस्तुर यस कार्यालयमा तिरी कार्यालयको खरिद इकाइ शाखा बाट खरिद गर्न सकिनेछ ।

३. कार्यालयबाट प्रमाणित भएको शिलबन्दि दरभाउ पत्र फारम स्वयं वा रितपूर्वकको लिखित वारीस पठाई पनि तोकिएको दस्तुर तिरी खरिद गर्न सकिनेछ ।

४. खरीद गरिएका शिलबन्दि दरभाउ पत्रहरुको प्रत्येक पानामा सहि छाप र शिलबन्दि गरि खाम वाहिर फर्मको नाम ठेगाना र ठेक्काको नाम लेखि सूचना प्रकाशित भएको ०८ औं दिन, दिनको १२.०० सम्म खाम बन्दि गरि सरावल गाउँपालिकाको कार्यालय नवलपरासीमा दर्ता गर्न सकिनेछ।

५. दर्ता भएको टेण्डरहरु सोहि दिन २.०० बजे ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो समयमा ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधि उपस्थित नभएपनि कार्यालय प्रतिनिधको रोहवरमा टेण्डर खोल्न बाधा पर्ने छैन ।

६. टेण्डर फारम खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन विदा परेमा क्रमश: सो को भोलिपल्ट कार्यालय खुलेको दिन मान्य हुनेछ ।

७. प्रत्येक ठेक्काको छुट्टा छुट्टै खाममा शिलवन्दि दरभाउ पत्र शिलवन्दि गरि पेश गर्नुपर्नेछ ।

८. यस पूर्व यस कार्यालय बाट कुनै कार्यको ठेक्का लिई फरफारक नभएको ठेकेदारबाट पेश भएको शिलबन्दि दरभाउ पत्र मान्यता दिनेछैन ।

९. वोलपत्रदातालाई शिलवन्दि दरभाउ पत्रमा दर भर्नु अघि सम्बन्धित खोलाको स्थलगत अवलोकन निरीक्षण गरि उल्लेखित दररेट संकलन स्थलको यर्थाथ वस्तुस्थिति बुझी भरिएको मानिनेछ ।

१०. कुनै शर्त राखि पेश गरेको, हुलाक मार्फत पठाएको र रीत नपुगेको शिलवन्दि दरभाउ पत्र माथि कुनै कारवाहि गरिनेछैन ।

११. शिलबन्दि दरभाउ पत्रमा कबोल रकम अंक र अक्षरमा स्पस्ट संग लेख्नु पर्नेछ । अंक अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

१२. टेण्डर दाखिलाको लागि बिड बण्ड मान्य हुनेछैन । धरौटि वापत कबोल अंकको भ्याट बाहेक ५% ले हुनेरकम सरावल गाउपालिकाको कार्यालयको रा.वा.बैंक परासी शाखामा रहेको धरौटी खाता ३१००१००३०३००००३ (ग ३) मा जम्मा गरेको सक्कल भौचर शिलबन्दि दरभाउ पत्र साथ पेश गर्नुपर्नेछ । ठेक्का लिए वापत ठेकेदारले नेपाल सरकार र अन्य निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर आफैले बुझाउनु पर्नेछ । उक्त करहरु किस्ता संगै अग्रिम बुझाउनु पर्नेछ ।

१३. टेण्डर स्विकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र कबोल अंकको १.५% अग्रिम कर तथा १३% मुल्य अभिवृद्धि कर (VAT) सरावल गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

१४. ठेक्का सम्झौता गर्दा वखतमा ५०% रकम नगद प्रथम किस्ता र बाँकि रकमको हकमा मान्यता प्राप्त वाणिज्य बैंकको २०७८ भाद्र मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टि पेश गर्नु पर्नेछ । बाँकि ५०% रकम बढिमा एक किस्तामा बुझाउनु पर्नेछ । दोश्रो किस्ता वापत कवोल अंकको ५०% रकम २०७७ वैसाख मसान्त भित्र बुझाउनु पर्नेछ । अन्यथा दोस्रो किस्ता वापतको बैक ग्यारण्टी रकम र धरौटी जफत हुनेछ ।

१५. नियमानुसारको ठेक्का सम्झौता गरेपछि मात्र चलान पुर्जि दिईनेछ । अन्यथा ठेक्का वापतको धरौटी रकम जफत हुनेछ ।

१६. नेपाल सरकार र सरावल गाउँपालिकाको कार्यालयले समय समयमा दिएको निति निर्देशन तथा आदेशको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ । कुनै कारण जनाई वा नजनाई ठेक्का स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सरावल गाउँपालिकाको कार्यालयमा सुरक्षीत रहनेछ ।

१७. ठेकेदारले सरावल गाउँपालिकाको कार्यालयले तोकेको दररेटमा कर असुली गर्नु पर्नेछ, त्यस्तो करका दर सबैले देखिने स्थानमा सार्वजनिक गर्नु पर्नेछ । ठेकेदारले दर उठाउदा प्रयोग गर्ने रसिदहरु आफ्नो तर्फबाट छपाई ती रसिदहरु यस कार्यालयवाट प्रमाणीत गराई प्रयोग गर्नु पर्नेछ प्रमाणीत नगरेका रसिदहरुको कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाहि गरिनेछ ।

१८. पेश भएका शिलबन्दि दरभाउ स्विकृत वा अस्विकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षीत रहनेछ । ठेक्का सम्बन्धि कुनै पनि विवाद सृजना भएमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ ।

१९. यस सूचनामा नपरेका कुराहरु प्रचलित ऐन नियम र कानुन अनुसार हुनेछ ।

२०. प्रचतिल ऐन, नियम कानुन सूचनाको शर्तहरु विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यलयले ठेक्का तोडन सक्नेछ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी समेत ठेकेदारबाट सरकारी बाकी सरह असूल उपर गरिनेछ ।

२१. ठेकेदारले प्रचलित नियम अनुसार बुझाउनु पर्ने मुल्य अभिवृद्धि कर (VAT) तथा नेपाल सरकार वा स्थानीय निकायलाई प्रचलित ऐन नियम अनुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ । ठेक्का रकमबाट घटाउन पाईने छैन ।

२२. ढुंगा, गिट्टी, बालुवा, माटो ग्रभेल र रोडा नदिबाट निकासी गर्ने बाटो मर्मतको व्यवस्था ठेकेदार स्वयंले गर्नु पर्नेछ । खर्चको दावी गर्न पाईने छैन ।

२३. ठेकेदारले नदिजन्य पदार्थ उत्खनन् तथा बिक्रि गर्दा प्रारम्भिक वातावरणीय मुल्याङ्कन IEE प्रतिवेदनमा उल्लेख गरिएको परिमाण भन्दा बढि नहुनेगरि निर्धारित क्षेत्रबाट मात्र गर्नु पर्नेछ, यस विपरित कार्य गर्न पाईनेछैन ।

२४. नदिजन्य पदार्थ उत्खनन् तथा बिक्रि प्रयोजनको लागि ठुला उपकरणहरु लोडर, डोजर, एक्साभेटर, ब्याकुलोडर प्रयोग गर्न पाईनेछैन ।

२५. ठेकेदारले उत्खनन् गरिएको नदिजन्य पदार्थ, नदि किनार, सार्वजनिक चउर आदिमा घाट गद्दी गर्न पाइनेछैन । त्यसका ठेकेदारले आफ्नो स्वामित्वको जग्गामा व्यवस्थापन गर्नु पर्नेछ ।

२६. नदिजन्य पदार्थ ओसार पसार गर्दा पानिले भिजेको र पानि चुहाउदै ढुवानी गर्न पाईनेछैन ।

२७. नदिजन्य पदार्थको उत्खनन् तथा बिक्रि सुर्योदय नहुदा सम्म र सुर्यास्त पश्चात गर्न पाईनेछैन ।

२८. ठेकेदारले कुनैपनि बन्द हडताल प्राकृतिक प्रकोप कारण देखाई छुट वा मिनाहा दावी गर्न पाईनेछैन ।

२९. ठेकेदारको मूल्याङ्न गर्दा मुल्य अभिवृद्धि कर (VAT) बाहेकको अंकलाई आधार मानिनेछ ।

३०. शिलबन्दि दरभाउ पत्र सम्वन्धि सूचना यस कार्यालयको सूचना पाटि web site मा पनि हेर्न सकिनेछ ।

**तपशिल**

| क्र.स | ठेक्का नं. | नदिको नाम | संकलन उत्खनन् गर्ने क्षेत्र | संकलन उत्खनन् गर्नु पर्ने अनुमानित परिमाण घन फिटमा | बिक्रि दर ( मु.अ.कर बाहेक) | जम्मा न्यूनतम अंक | शिलबन्दि दरभाउ पत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १. | १५/०७७/७८ | झरहि खोला | बडसार, कुर्थावल आसपासका क्षेत्र( माटो, भस्कट) | १९४५०३.०० | ३.०० | ५८३५०९.०० | १०००.०० |
| २. | १६/०७७/७८ | धनेवा, हुलासी खोला | गणेशपुर, सरावल गोबरहीया आसपासका क्षेत्र ( माटो, भस्कट) | २०४७४०.०० | ३.०० | ६१४२२०.०० | १०००.०० |

प्रमुख प्रशासकिय अधिकृत